# एनएमबि बैंक लिमिटेडको
# एक्काईसौं वार्षिक साधारण सभाको विवरण (माईन्यूट)

## १. प्रारम्भिक :

एनएमबि बैंक लिमिटेडको मिति २०७३।०८।१७ गते बसेको सञ्चालक समितिको ३२५औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम बोलाइएको एक्काईसौं वार्षिक साधारण सभा बैंकको सञ्चालक समितिका अध्यक्ष श्री पवन कुमार गोल्याणको सभापतित्वमा सम्पन्न भयो । सभासम्बन्धी विस्तृत विवरण यस प्रकार छ ।

**सभा भएको मिति:** २०७३ साल पौष महिना २४ गते आईतवार (तदनुसार जनवरी ८, २०१७)

**स्थान:** नेपाल प्रज्ञा प्रतिष्ठान कमलादी काठमाडौं ।

**समय:** बिहान १०:०० बजे

## २. उपस्थिति:

(अ) **सञ्चालकहरू:**

| | | |
|---|---|---|
| (१) | श्री पवन कुमार गोल्याण | अध्यक्ष |
| (२) | श्री नन्द किशोर राठी | बैकल्पिक सञ्चालक |
| (३) | श्री राजेन्द्र काफ्ले | सञ्चालक |
| (४) | श्री मनोज कुमार गोयल | सञ्चालक |
| (५) | श्री रोमणी प्रसाद पाठक | सञ्चालक |
| (६) | श्री हरिश्चन्द्र सुवेदी | सञ्चालक |
| (७) | श्री कमलेश कुमार अग्रवाल | सञ्चालक |
| (८) | श्री हरिवाबु न्यौपाने | सञ्चालक |
| (९) | श्री जिवनमान जोशी | विशेषज्ञ सञ्चालक |

(आ) **आमन्त्रित प्रतिनिधिहरू:**

| | | |
|---|---|---|
| (१) | श्री खेमराज खत्री | कम्पनी रजिष्ट्रारको कार्यालय |
| (२) | श्री महेन्द्रराज शाक्य | कर्मचारी सञ्चय कोष |
| (३) | श्री कृष्ण प्रसाद घिमिरे | नेपाल धितोपत्र बोर्ड |
| (४) | श्री सबिन कुमार यादव | प्रतिनिधि, टि.आर.उपाध्या एण्ड कं., चार्टर्ड एकाउन्टेण्टस् (लेखापरीक्षक) |

(इ) **पदाधिकारीहरू:**

| | | |
|---|---|---|
| (१) | श्री उपेन्द्र पौडेल | प्रमुख कार्यकारी अधिकृत |
| (२) | श्री सुनिल के.सी. | नायव प्रमुख कार्यकारी अधिकृत |
| (३) | श्री प्रदीप प्रधान | प्रमुख सुचना अधिकृत |
| (४) | श्री शरद तेगी तुलाधर | प्रमुख जोखिम अधिकृत |
| (५) | श्री विजय गिरी | प्रमुख, तालिम तथा सेवा प्रभावकारीता निरीक्षण |
| (६) | श्री प्रमोद कुमार दाहाल | प्रमुख, अनुपालन तथा कम्पनी सचिव |

(ई) **शेयरधनीहरू:**

| विवरण | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|
| स्वयं तथा प्रतिनिधि मार्फत जम्मा उपस्थित शेयरधनी संख्या | १२७ | १,०२६ | १,१५३ |



NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

## ३. सभाको वैधानिकता :

यस बैंकको एक्काईसौं वार्षिक साधारण सभा शुरू हुनु अगावै कम्पनी ऐन, २०६३ को दफा ६९ मा भएको व्यवस्था अनुसार उपस्थित शेयरधनीहरूले सभाको वैधानिकता बारे यकिन गर्ने सम्बन्धमा सभाको सभापतिज्यूको आज्ञाले कम्पनी सचिव श्री प्रमोद कुमार दाहालले देहायका विवरणहरू प्रस्तुत गर्नुभयो ।

### (क) साधारण सभाको बारेमा सार्वजनिक सूचनाः

यस बैंकको एक्काईसौं वार्षिक साधारण सभाको निमित्त सो सभा हुने मिति, स्थान, समय र छलफलका विषयहरू बारेको सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम साधारण सभा हुनुभन्दा २१ दिन अगावै शेयरधनीहरूको जानकारीकालागि निजहरूले यस बैंकलाई उपलब्ध गराउनु भएको ठेगानामा पठाईएको तथा सो बारेको सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिका अन्नपुर्ण पोस्टमा दुई पटक मिति २०७३/०८/२९ र २०७३/०९/१४ मा प्रकाशित गरिएको । साथै, वार्षिक प्रतिवेदन प्राप्त हुन नसकेका शेयरधनीहरूले उक्त प्रतिवेदन बैंकको बबरमहल स्थित प्रधान कार्यालयबाट प्राप्त गर्न सक्ने र उक्त प्रतिवेदन शेयरधनीहरूको सुविधाको लागि बैंकको वेबसाइट www.nmb.com.np मा पनि राखिएको कुरा साधारण सभासम्बन्धी सार्वजनिक सूचनाहरूमा नै उल्लेख गरिएको ।

### (ख) गणपूरक संख्याः

१. यस साधारण सभा प्रयोजनकोलागि बैंकको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिल खारेजीको कार्य बन्द भएको मिति २०७३/०९/०७ मा कायम शेयरधनीहरूले लिएको शेयरको विवरण यस प्रकार रहेको थियो ।

| विवरण | | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|---|
| कूल संख्या | शेयरधनीहरू | ४२८ | ५९,२३४ | ५९,६६२ |
| | शेयर | ३,२५,८५,५३१.०४ | २,१७,१५,०९३.६१ | ५,४३,००,६२४.६५ |

कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम सभा सञ्चालनकोलागि आवश्यक गणपूरक संख्या (बैंकका शेयरधनीहरूको स्वयं वा प्रतिनिधि मार्फत भएको उपस्थिति एवं उपस्थित शेयरधनीहरूले ग्रहण गरेको शेयरहरूको संख्या) देहाय बमोजिम रहेको थियो ।

| उपस्थित विवरण | | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|---|
| स्वयं तथा प्रतिनिधि मार्फत उपस्थित संख्या | शेयर धनी संख्या | १२७ | १,०२६ | १,१५३ |
| | शेयर | २,७७,३७,०२० | ६४,९९,८१५ | ३,४२,३६,८३५ |
| उपस्थितिबाट प्रतिनिधित्व भएको प्रतिशत | शेयर | ८५.१२ | २९.९३ | ६३.०५ |

२. यसरी कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था बमोजिम प्रकाशित गरिएको सूचनामा उल्लेखित छलफलका विषयहरू उपर छलफल गर्न आज मिति २०७३/०९/२४ मा स्वयं तथा प्रोक्सी मार्फत

जम्मा १,१५३ जना शेयरधनीहरूबाट यस बैंकको बाँडफाँड भएको कूल शेयर संख्याको ६३.०५ प्रतिशतले प्रतिनिधित्व हुने गरी उपस्थिति जनाई सकेको हुँदा यस साधारण सभा वैधानिक भएको ।

उपस्थित शेयरधनीहरूले उपरोक्त व्यहोरा जानकारी लिँदै कानून बमोजिम बोलाईएको सभामा आवश्यक गणपूरक संख्या पुरा भई सभामा पेश भएका प्रस्तावहरूमा छलफल गर्न मन्जुर भएकाले सभापतिज्यूको आज्ञाले कम्पनी सचिवले सभा आरम्भ गर्नुभयो ।

४. **छलफलका विषयहरू :**

**(क) सामान्य प्रस्तावः**

१. एक्काइसौं वार्षिक साधारण सभामा सञ्चालक समितिबाट प्रस्तुत प्रतिवेदन पारित गर्ने,

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. ०७२/०७३ को वासलात, नाफा-नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाहको विवरण पारित गर्ने (सहायक कम्पनीहरु समेतको एकिकृत विवरण),

३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. ०७३/०७४ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने,

४. सञ्चालक समितिबाट पारित भए बमोजिम वोनस शेयरको कर प्रयोजनका लागि हालको चुक्ता पूँजीको १ (एक) प्रतिशतका दरले नगद लाभांश वितरणको प्रस्ताव स्वीकृत गर्ने ।

**(ख) विशेष प्रस्तावः**

१. बैंकको अधिकृत पूँजी रु. ८,००,००,००,०००।- (आठ अरव) बाट रु. १०,००,००,००,०००।- (दश अरव) पुऱ्याउन स्वीकृति प्रदान गर्ने,

२. बैंकको वर्तमान चुक्ता पूँजीको १९ प्रतिशतको अनुपातमा वोनस शेयर जारी गर्न स्वीकृति प्रदान गर्ने,

३. बोनश शेयर जारी गरेको कारणले बैंकको वर्तमान जारी तथा चुक्ता पूँजीमा बृद्धि हुने भएकाले सोही बमोजिम जारी तथा चुक्ता पूँजीबृद्धि गरी प्रवन्धपत्रमा आवश्यक संशोधन गर्न स्वीकृति प्रदान गर्ने,

४. पुँजी बृद्धि गर्नका लागि साधारण शेयर थप सार्वजनिक निष्काशन (Further Public Issue) गर्ने । थप सार्वजनिक निष्काशन हुने साधारण शेयरको संख्या निर्धारण गर्न र सोको अङ्कित मूल्यमा प्रिमियम समेत थप गरि जारी हुने शेयरको प्रिमियम सहितको मूल्य निर्धारण गर्न, थप सार्वजनिक निष्काशन (Further Public Issue) गरिसकेपछि बैंकको जारी तथा चुक्ता पूँजीमा बृद्धि हुने भएकाले सोही बमोजिम जारी तथा चुक्ता पूँजी बृद्धि गर्न र थप सार्वजनिक निष्काशन भए पश्चात बैंकको साधारण समूहको स्वामित्व प्रतिशत बृद्धि हुने र संस्थापक समूहको स्वामित्व प्रतिशत घट्ने भएकाले सोही बमोजिम बैंकको प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्न तथा सो सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण कार्य गर्ने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने ।

५. बैंकको नियमावलीको नियम ३२ मा संशोधन गर्ने,

६. बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भएको/हुने संशोधनको स्वीकृति लिंदा वा अभिलेख गर्दा गराउँदा केही सामान्य हेरफेर गर्न, संशोधनसम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन समेत सञ्चालक समितिलाई अख्तियारी दिने,

**(ग) विविधः**

५. **सभाको सभापतित्व :**

वार्षिक साधारण सभा सञ्चालनका लागि वैधानिक आवश्यकता पूरा भएकाले कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार बैंकको सञ्चालक समितिका अध्यक्ष श्री पवन कुमार गोल्याणलाई सभाको सभापतित्व ग्रहण गर्न अनुरोध गरिए अनुरूप उहाँले सभाको सभापतित्व गर्नुभयो । तत्पश्चात सभापति महोदयले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अभिवादन तथा स्वागत गर्दै सभाको कार्यक्रम अघि बढाउनु भयो ।

६. **वार्षिक प्रतिवेदनको प्रस्तुति:**

सभाको काम कारवाही शुरू गर्ने क्रममा सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापतिले आफ्नो मन्तब्य राख्दै सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिको प्रतिवेदन प्रस्तुत गर्नुभयो । त्यसपछि लेखापरीक्षकको प्रतिवेदन, आ.व. ०७२/०७३ को वासलात, नाफा-नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाहको विवरण सहितको वार्षिक प्रतिवेदन (सहायक कम्पनीहरु समेतको एकिकृत विवरण) साधारण सभा समक्ष आवश्यक छलफल गरी पारित गर्नकालागि प्रस्तुत गर्नुभयो ।

७. **छलफलको लागि आह्वान :**

साधारण सभामा निर्धारित प्रस्तावहरूको बिषय-सूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐनमा भए अनुरूप सभामा प्रस्तुत सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण समेतमा छलफलकालागि आ-आफ्नो मन्तब्य, विचार, जिज्ञासा तथा सुझावहरू राख्न चाहाने शेयरधनी महानुभावहरूलाई सहभागी हुन सभापतिबाट अनुरोध भयो ।

८. **छलफलमा सहभागी हुने शेयरधनीहरू :**

छलफलकालागि सभापतिबाट अनुरोध भए पश्चात् देहायका शेयरधनी महानुभावहरूले छलफलमा सहभागि भई आ-आफ्नो विचार तथा मन्तब्य राख्नु भएको थियो ।

| | | | |
|---|---|---|---|
| १. | श्री अमृतनाथ रेग्मी | ८. | श्री मेजर कुवेर श्रेष्ठ |
| २. | श्री व्यास कुमार शर्मा | ९. | श्री राम गोपाल महर्जन |
| ३. | श्री इन्द कृष्ण श्रेष्ठ | १०. | श्री रोज कुमार श्रेष्ठ |
| ४. | श्री कृष्ण काप्यप | ११. | श्री लवराज जोशी |
| ५. | श्री चन्द्र नारायण श्रेष्ठ | १२. | श्री नारायण सुन्दर श्रेष्ठ |
| ६. | श्री उद्धव प्रसाद घिमिरे | १३. | श्री योगेन्द्र बहादुर थापा |
| ७. | श्री डम्वरु बल्लभ घिमिरे | | |

९. **शेयरधनीहरूबाट ब्यक्त गरिएका मन्तव्य तथा सुझावहरूको संक्षिप्त विवरण :**

**श्री अमृतनाथ रेग्मी** : उहाँले अध्यक्षले संचालक समितिको प्रतिवेदनका अलावा संचालकहरु समेतको पूर्ण विवरण दिनु भएकोमा तथा यस बैंकलाई १० बर्षको बीचमा उल्लेख्य प्रगती गराएकोमा संचालक समिति, प्रमुख कायकारी अधिकृत तथा कर्मचारीहरुलाई धन्यवाद दिनु भयो । बैंकले १ अर्व भन्दा बढी कमाउन सफल भएको ब्यहोरा ब्यक्त गर्दै बैंकको २०औं बर्षगाँठमा शेयरधनीहरुलाई नसम्झेकोमा दुःख व्यक्त गर्नु भयो । साथै, २५औं बर्षगाँठमा शेयरधनीहरुलाई पनि सम्झना गर्नुपर्ने, बैंकले Aggressive रुपमा Debenture जारी

गर्ने तर्फ ध्यान दिनु पर्ने, Foreign Exchange बाट अझ बढी कमाउनु पर्ने, Off -Balance Sheet Item बाट आम्दानी बढाउनु पर्ने, खर्च कम गर्नु पर्ने, Base Rate घटाउनु पर्ने, बैंकको बिदेशी साझेदारबाट पाठ सिक्दै त्यसबाट प्राप्त हुने ज्ञान सीपको उपयोग गर्नुपर्ने, Electronic Banking मा जाँदा Firewall बलियो बनाउनु पर्ने, Data Storage तर्फ ध्यान दिनु पर्ने, Disaster Management मा जाँदा देश बाहिर पनि जानु उपयूक्त हुने लगायतका सुझावहरु दिनु भयो । उहाँले बिगत १७ बर्ष देखि अनवरत रुपमा सेवा गरि आजको यस ठूलो बैंकको रुपमा चिनाउन सफल हुनु हुने मित्र उपेन्द्र पौडेलजीले बैंक छाडने कुरा सुन्दैछु, उहाँको ज्ञान, सीप र अनुभबलाई बैंकले कुनै न कुनै रुपमा उपयोग गर्नका लागि उहाँलाई Retain गर्नु पर्छ भन्ने धारणा राख्नुभयो ।

**श्री ब्यास कुमार शर्मा** : उहाँले समग्रमा वित्तीय विवरणको प्रस्तुतीकरण स्तरीय भएको, Balance Sheet राम्रो छ, Paid–up Capital र Reserve and Surplus मा बृद्धि राम्रो छ, वासलातको आकारमा बृद्धि भएको छ, हरेक शिषर्कमा उल्लेख्य बृद्धि छ भन्दै आजको दिनसम्म बैंकका CEO ले पुऱ्याउनु भएको योगदानको मुल्याँकन गरिनु पर्दछ जसका लागि संचालक समितिले ध्यान दियोस् भन्नुभयो । साथै उहाँले NPA घटाउनु पर्ने, निसर्ग गर्न बाँकी सम्पत्ती समयमा नै निसर्ग गर्नुपर्ने, CD Ratio सन्तुलित बनाउनु पर्ने, विदेशी विनिमेयको कारोवारको बृद्धिमा ध्यान दिनु पर्ने लगायतका सुझावहरु दिनु भयो । उहाँले बैंकका कर्मचारीहरुबाट गुनासा आएका छन् । कसैलाई काखा र कसैलाई पाखा गर्ने कार्य भएको छ भने त्यस्तो नहोस् भन्दै बैंकले राम्रो गरेर मात्र भएन न्यायोचित रुपमा शेयरधनीहरुलाई मुनाफा समेत वितरण गर्नु पर्दथ्यो भन्ने धारणा राख्नुभयो ।

**श्री इन्द्र कृष्ण श्रेष्ठ** : उहाँले १७ बर्षदेखि बैंकमा कार्यरत प्रमुख कार्यकारी अधिकृतले बैंकलाई राम्रो गर्नु भएकोमा धन्यबाद दिनु भयो । मर्जर पश्चात बैंकले बितरण गरेको मुनाफा १९ प्रतिशत कम भयो । सो भन्दा बढी मुनाफा वितरण गर्नु पर्दथ्यो । लेखा समितिको बैठक बढी देखियो । एफएमओलाई दिएको शेयरबाट बैंकलाई प्रिमियम प्राप्त भएको छ, एनएमबि क्यापिटलबाट पनि बैंकलाई राम्रै मुनाफा दिएको देखिन्छ तर पनि हामीलाई लाभांश दिन कन्जुस्याई गरियो भन्ने धारणा राख्नुभयो । साथै, वार्षिक प्रतिवेदनको पाना नं. १०० मा राजश्वलाई तिर्न बाँकी देखिएको छ । किन यस्तो भयो ? मनोरञ्जन खर्च ७६ करोड देखिन्छ, के मनोरञ्जन भएको हो ? लगायतका प्रश्नहरु गर्नु भयो । उहाँले कर्मचारीका सम्बन्धमा कुनै तितो मिठो भएको छैन जस्तो लाग्छ, कर्मचारीहरुको केही गुनासो भए बैंकका अध्यक्ष तथा संचालकहरुलाई भन्न अनुरोध गर्दै कर्मचारीहरुले बाहिर भन्दै हिड्नु राम्रो नहुने विचार व्यक्त गर्नु भयो । उहाँले १७ बर्ष देखि सेवा गरेका उपेन्द्र सरलाई नीति नियमले मिल्छ भने विशेष सल्लाहकारको रुपमा राख्न अनुरोध गर्दछु भन्नुभयो ।

**श्री कृष्ण काष्यप** : उहाँले जाडोको समयमा बिहानै साधारण सभा गर्दा समस्या हुन्छ । जाडोले सबै साथीहरु बाहिर नै घाम तापेर बसेका छन् । साधारण सभा सानो हलमा गरेको भए हुने थियो । सभा १२/१ बजे शुरु गरेको भए राम्रो हुने सुझाव दिंदै लेखा परिक्षकको प्रतिवेदनमा प्रतिदाबीका आधार भनि केहि कुरा उल्लेख भएको छ । पुरानो तरिकाले अडिट भएको छ भनेको हो कि ? के हो ? ध्यानाकर्षण गराउनु भयो । एफएमओले २० प्रतिशत लगानी गरेको र बैंकले मलेसियामा सम्पर्क कार्यालय खोलेको अत्यन्त राम्रो कुरा हो भन्नु भयो । उहाँले थप सार्वजनिक निष्कासन गर्ने भन्ने प्रस्ताब उल्लेख भएको रहेछ, त्यो भन्दा शेयरधनीहरुलाई हकप्रद दिएको भए राम्रो हुने थियो, वार्षिक प्रतिवेदनमा बैंक व्यबस्थापनको नाम दुई ठाँउमा राखिएको छ, सो राम्रो देखिएन भन्ने धारणा राख्दै वार्षिक प्रतिवेदन समयमानै घरसम्म आइपुगेकोमा धन्यवाद दिनु भयो । उहाँले लेखा समितिको वैठक धेरै भयो कम गर्नु पर्ने, संचालक समितिको बैठक कतिचोटि बस्यो उल्लेख गर्नु पर्ने, एनएमबि क्यापिटल व्यबस्थित छैन धेरै भिड हुने गरेको छ व्यवस्थित गर्नुपर्ने, शेयरधनीसंग ६/६ महिनामा अन्तरक्रिया गर्नुपर्ने, कुन संचालक कुन समुहको हो प्रतिवेदनमा उल्लेख गर्नुपर्ने लगायतका सुझावहरु दिनु भयो ।

**श्री चन्द्र नारायण श्रेष्ठ** : उहाँले बैंकले समिक्षा बर्षको आम्दानीबाट १ अर्ब तीन करोड नाफा छुट्याई १९ प्रतिशत बोनश शेयर वितरण गर्ने प्रस्ताव ठिक लागेको छ, एफएमओले खरिद गरेको शेयरबाट प्राप्त


NMB BANK LIMITED
एनएमबी बैंक लिमिटेड

प्रिमियम मात्रै १ अर्ब ४१ करोड प्राप्त भएको छ, यस बर्षको नाफाबाट बोनस शेयर वितरण पछि चुक्ता पूँजी ६ अर्ब ४६ करोड हुन्छ, अर्को बर्षको नाफा र सेयर प्रिमियमबाट सजिलै ८ अर्ब चुक्ता पूँजी पुग्ने देखिन्छ भन्ने धारणा राख्दै अब आउने प्रमुख कार्यकारी अधिकृतले Foreign Exchange Income, Net Interest Income, Management Fee बढाउने तर्फ ध्यान दिनु पर्ने, NPL घटाउनु पर्ने, कार्डको कामबाट बैंकलाई घाटा भएको देखिन्छ ध्यान दिनु पर्ने लगायतका सुझावहरु दिनु भयो । साथै AGM खर्च १९ लाख देखिन्छ तर के गरेको छ ?, जग्गामा लगानी ८७ करोड देखिन्छ, बैंकको लागि खरिद भएको होला तर कसरी गर्नु भएको हो विवरण चाहियो भनि माग गर्नु भयो । उहाँले प्रति कर्मचारी १४ लाख मात्र कमाई छ, यो कम हो भन्दै कर्मचारीहरुको Productivity बढाउनु पर्ने धारणा राख्नु भयो ।

**श्री उद्धव प्रसाद घिमिरे** : उहाँले आज बैंक २१ बर्षमा प्रवेश गरि सकेको परिप्रेक्ष्यमा बैंकले दिएको प्रतिफल अन्य कमर्सियल बैंकको तुलनामा कम भएको भन्नु भयो । उहाँले प्रतिवेदनमा रहेका विभिन्न त्रुटि औंल्याउदै सच्याउन अनुरोध गर्नु भयो । साथै, संचालक समितिको संरचना ठुलो भएको, पब्लिक शेयरधनीको गुनासो सुन्ने कोही नभएको भन्दै संचालकहरुलाई ध्यान दिन अनुरोध गर्नु भयो । उहाँले कर्मचारीहरु कसैलाई काखा र कसैलाई पाखा भएको मैले पनि सुनेको छु भन्नु हुदै लेखा परीक्षकको प्रस्तावमा वर्तमान लेखा परिक्षक योग्य भए नभएको कुरा लेखिनु पर्दथ्यो, CAMAL Rating मा हामी कहाँ छौं जानकारी दिनु पर्ने, Profit and Loss Account मा Exchange Fluctuation Gain अन्य बैंकको तुलनामा कम छ बढाउनु पर्ने, Operating and Net Profit कम छ बृद्धि गर्नु पर्ने, Reserve and Surplus अझ बढाउनु पर्ने, Deposit Structure मा अझ सुधार गर्नु पर्ने लगायतका विभिन्न सुझावहरु दिंदै एफपिओको संख्या घटाएर शेयरधनीहरुलाई हकप्रद शेयर दिनुहोस भनि माग गर्नु भयो ।

**श्री डम्बरु बल्लभ घिमिरे** : उहाँले १९ प्रतिशत वोनस शेयर र १ प्रतिशत लाभांश दिएकोमा धन्यवाद दिंदै कर प्रयोजनका लागि १ प्रतिशत लाभांश भनिएको छ, तर मर्जर पछि २ वर्षसम्म लाभांशमा कर लाग्दैन सो १ प्रतिशत पनि वोनस शेयर नै दिएको भए हुने थियो भन्दै यो कुरा प्रष्ट पार्न अनुरोध गर्नुभयो । उहाँले जाडोले गर्दा साधारण सभामा उपस्थिति कम भएकोले आगामी वर्ष देखि दशै अघि नै साधारण सभा बोलाउने व्यवस्था होस भन्ने माग गर्नु भयो । साथै, कर्मचारी खर्च बढेको छ, कर्मचारीका सेवा सुविधा पनि बढेको छ सोमा ध्यान दिन अनुरोध गर्दै शेयरधनीका छोराछोरी योग्य भए जागीर दिने सुझाव शेयरधनीहरुकै हो, सो बमोजिम माग गर्दा प्रमुख कार्यकारी अधिकृतले गलत आरोप लगाएको गुनासो समेत गर्नुभयो । उहाँले लेखा समितिको बैठक ३ महिनामा एक पटक बस्नु पर्नेमा २७ बटा बसेको छ भन्दै संचालकको कमाई प्रमुख कार्यकारी अधिकृतको जस्तो छ तर शेयरधनीलाई १९ प्रतिशत मात्र दिएको ठिक भएन भन्नु भयो । उहाँले संचालक समितिको बैठक कति पटक बस्यो भन्ने कुरा प्रतिवेदनमा उल्लेख गर्न अनुरोध गर्दै सर्बसाधारणको तर्फबाट निर्वाचित संचालकहरुले सर्वसाधारण शेयरधनीको कुरा सुन्नु पर्दछ भन्ने लगायतका विभिन्न सुझावहरु दिनु भयो ।

**श्री मेजर कुवेर श्रेष्ठ** : उहाँले शेयरधनी र बैंकको बीचमा राम्रो सम्बन्ध हुनु पर्दछ भन्ने धारणा राख्दै यसपाली १९ प्रतिशत वोनस शेयर दिईएकोमा सोका लागि आभार व्यक्त गर्दछु भन्नु भयो । उहाँले हालको प्रमुख कार्यकारी अधिकृत उपेन्द्र पौडेल पछि बैंकको व्यवस्थापन कसले चलाउने हो ? भनि प्रश्न गर्दै बैंकको Earning per share प्रसंशनीय रहेको भएपनि बैंकले अर्को वर्ष यसरी कमाएर दिन्छौं भन्ने भिजन पनि दिनु पर्दछ, Loan loss provision रु.५७ करोड ६३ लाखमा अर्को वर्ष कति असुली हुन्छ ? भन्ने कुरा उल्लेख हुनु पर्दछ, संचालक तथा प्रमुख कार्यकारीको आफनो मान्छेहरुको कर्जा अपलेखन हुनु हुदैन, एफपिओको न्यूनतम मुल्य निर्धारण गर्दा सर्वसाधारणको पहुँच पुग्ने गरि गर्नु पर्दछ भन्ने लगायतका विभिन्न सुझावहरु दिनुभयो । उहाँले एनएमबि क्यपिटलको म्यूचुअल फण्डको २० प्रतिशत लाभांश दिएको राम्रो छ । सोको निरन्तरता होस भन्दै १ वा २ वर्षभित्र Banker of the year लिने Target बनाउनुहोस । शेयरधनीको तर्फबाट हुनसक्ने सहयोग, सदभाव र समझदारी बढाएर लैजाने छौं भन्नु भयो ।

**श्री राम गोपाल महर्जन** : उहाँले मर्जर पछि धेरै कम्पनीहरुले कम लाभांश दिएको देखिन्छ तर यस बैंकले १९ प्रतिशत लाभांश दिएको छ सोको लागि धन्यवाद भन्दै कर्जा तथा निक्षेप बढेको छ तर निष्कृय कर्जा पनि बढेको छ । ऋणीलाई प्रवाह भएको कर्जा असुलीको समस्या पहिले देखि थियो कि अहिले आएको हो ? भन्ने



NMB BANK LIMITED
एनएमबी बैंक लिमिटेड

प्रश्न गर्दै शाखा बृद्धि मात्र होइन शाखाहरुको राम्रो अनुगमन पनि हुनु पर्दछ, कतिपय शाखाहरुमा सवारी साधन रोकेर भित्र जान समेत पार्किङ्गको कारण समस्या छ सो तर्फ ध्यान दिनु पर्ने, कर्मचारीहरुलाई समय सुहाउँदो तालिम र सुविधाहरु दिनु पर्ने, बैंकको रिर्जभ बृद्धि गर्न ध्यान दिनु पर्ने, खर्च कम गर्नु पर्ने, बैंकले लगानी गरेको शेयरहरु समयमा निसर्ग गर्नु पर्ने लगायतका धारणाहरु राख्नु भयो ।

**श्री रोज कुमार श्रेष्ठ** : उहाँले नेदरल्याण्डको विदेशी कम्पनीलाई भित्र्याई उक्त कम्पनीको शेयर स्वामित्व बृद्धि गरी चुक्ता पुँजी समेत बृद्धि गर्न सकेको, जगेडा कोष बढाउन सकेको, कर्जा तथा निक्षेपमा बृद्धि राम्रो भएकोले आगामी बर्ष बैंकले राम्रो गर्न सक्ने अपेक्षा गर्न सकिन्छ भन्दै बैंकको कर्जा नोक्सानी फिर्ता तथा संचालन मुनाफा बढाउने तर्फ ध्यान दिन जरुरी रहेको धारणा राख्नु भयो । साथै, एक घर एक खाता अभियान सराहनीय छ, तर खाता Dormat मा जाने System भएसम्म यो अभियान सफल नहुने भएकाले Dormat मा जाने System हटाउनु पर्छ भन्ने धारणा समेत राख्नु भयो । उहाँले ब्याजदर अन्तर ५ प्रतिशतसम्म राख्न सक्ने छुट राष्ट्र बैंकले दिएको छ हामीले यसलाई सदुपयोग गर्नु पर्दछ, कर्मचारी संख्यामा बृद्धिको कारण पनि प्रमुख सुचकांकमा उल्लेख भएको भए राम्रो हुने थियो, मुल खर्चलाई भन्दा त्यस अन्तर्गत देखिइने खर्च कम देखिनु पर्छ, भत्ता धेरै देखाईनु राम्रो होइन, वार्षिक प्रतिवेदनमा एकै प्रकारको सन्देश दिने बीच बीचमा ५/६ वटा पानाहरु राखिएको छ, ती पानाहरुले अनावश्यक खर्च बढाएको छ । सवै पानाहरुमा फरक फरक सन्देश दिएको भए राम्रो हुने हुने थियो, खाजा खुवाएको राम्रो हो तर खाजा खुवाउँदा कुपन सिष्टम गरेको भए व्यवस्थित हुने थियो भन्ने लगायतका सुझावहरु दिनु भयो ।

**श्री लबराज जोशी** : उहाँले हामीले बैंकको उन्नति र प्रगतिका सम्बधमा हामी शेयरधनीहरुले विगत देखि धेरै कुराहरु उठाई रहेका छौं । ती सवालहरुमामा बैंकले के कति कार्यान्वयन गर्‍यो भन्ने कुरा प्रतिवेदनमा उल्लेख भएको भए राम्रो हुने भन्दै पाँच बर्षमा बैंक कुन स्थानमा हुन्छ ? सोको Strategic Plan हुनुपर्दछ । बैंकले Operating Profit बाट भन्दा पनि मर्जरको कारण गरेको Provision बाट नाफा १९ प्रतिशत दिन सफल भएको देखिन्छ । कर्मचारीहरुलाई के कति तालिम दिइएको छ र सोको उपलब्धी प्रतिवेदनमा उल्लेख हुनु पर्ने, कर्मचारीले शेयधनीहरुलाई राम्रो व्यवहार गर्नु पर्ने लगातयका धारणाहरु राख्दै खाना र चियाको राम्रो व्यवस्थापन नभएको गुनासो गर्नुभयो । साथै, शाखाहरुलाई नाफामा लैजानु पर्ने, शाखा भएको स्थानमा के सम्भाव्यता छ हेर्नुपर्ने, शाखाबाट रोजगारी सृजना भए उल्लेख हुनुपर्ने लगातयका सुझाबहरु दिंदै चारवटा संस्थाहरु होमवर्क नै नगरी गाभिएको कारण कर्जा नोक्सानी बढेको धारणा राख्नु भयो । उहाँले बैंकले कहिले १ अर्व खुद मुनाफा कमाउने ? भन्ने प्रश्न गर्दै साधारण सभामा खर्च पनि गर्ने शेयरधनीको गुनासो पनि सुन्ने गरी व्यवस्थापन गर्नु भएन, शेयरधनीहरुले साधारण सभामा दिएको सुझाब प्रति आभार-पत्र पठाउनु पर्ने लगायतका सुझावहरु दिनु भयो । उहाँले शेयरधनीले मुल्याकंन गर्ने साधारण सभा हो । तपाईहरुले राम्रो काम गरे तपाईहरुकै नाम आउँछ भन्नु भयो ।

**श्री नारायण सुन्दर श्रेष्ठ** : उहाँले वार्षिक प्रतिबेदन हेर्दा बैंकले अर्को बर्ष प्रगती गर्नसक्ने गरी Technical Track बनाएको देखिन्छ तर पनि भविष्यमा आउने अबरोधहरुलाई पन्छाउने योजना पनि हुनु पर्दछ । डिम्याट खाताको बारेमा हामीले हाम्रो मर्चेन्ट बैंकिङ्ग मार्फत शेयधनीहरुलाई बुझाई दिन अनुरोध गर्नुभयो । लगानीकर्ताको आशा अनुसार प्रतिफल आओस् भन्ने अपेक्षा हुन्छ, Balance Sheet को आकार अनुसार नाफा कम देखिन्छ, Profit and Loss Account हेर्दा Capacity मा ह्रास आएको देखिन्छ, १९ प्रतिशत मुनाफा १११ करोड नाफाले भ्याउँदैन लगानी समायोजन कोषबाट ल्याउन नसकेको भए अन्य बैंकको तुलनामा कम हुने थियो । संचित कोषबाट लाभांस वितरण गर्नु राम्रो होइन् भन्ने लगायतका धारणाहरु राख्नु भयो । साथै, बैंकको चुक्ता पूँजी आठ अर्व पुर्‍याउन बाँकी छ । तर, १० अर्व पुर्‍याउने प्रस्ताव आएको छ । कमाईबाट हुने देखिदैन । पाँच बर्षको Return Ratio हेर्दा ११.५ देखि देखिदैन । २० प्रतिशतको Ratio बढाउन ध्यान दिनुपर्ने लगायतका सुझावहरु दिंदै खर्च अनुसार कमाएको भए साधारण सभामा खर्च बढि भएको कुरा



NMB BANK LIMITED
एन एम बि बैंक लिमिटेड

आउने थिएन भन्नुभयो । उहाँले Net Profit र Operation Cost बराबर भयो Net Profit जहिले पनि Operation Cost भन्दा बढी हुनु राम्रो हुन्छ भन्ने धारणा राख्नुभयो ।

**श्री योगेन्द्र बहादुर थापा** : उहाँले साधारण सभाको हल धेरै चिसो भएको गुनासो गर्दै हामी सानो बैंकमा बसेको ठुलो संस्थामा गाभिएर आएका छौं, गाभिए पछि १९ प्रतिशत लाभांश प्राप्त गर्दा खुसी लागेको भन्दै आफनो कुरा भन्ने अर्काको कुरा नसुनी निस्कने परिपाटी देखियो जुन ठीक होईन, अर्काको कुरा पनि सुन्नु पर्दछ भन्ने धारणा राख्नु भयो । साथै, शेयरधनीहरुलाई खाना तथा चियाको वितरण गर्दा व्यवस्थित नभएको गुनासो गर्दै व्यबस्थापन सुधार गर्न अनुरोध समेत गर्नुभयो । उहाँले रिपोर्ट प्राप्त गर्ने अबसर प्राप्त भएन कोही १९ प्रतिशत खुवाउन नसक्ने भन्ने कोही बढी खुवाउन सक्नेमा खुवाएन भन्ने कुरा बुझिएन् तर बैंकको Indicator राम्रो छ भन्दै कर्मचारीलाई वास्तबमा मर्का परेको भए भत्ता सुविधाहरु मध्ये केले मर्का परेको हो दिनु पर्दछ भन्दै कर्मचारीबाट गुनासो आएको मैले सुनेको छैन भन्नुभयो । उहाँले पूर्वमा जुन अनुपातमा Business बढाउनु पर्ने हो बढेको छैन । हामीले गर्नु पर्ने के हो भन्नुहोस् हामी गर्दछौं भनेर मैले संचालक समितिलाई भनेको छु भन्नुभयो ।

## १०. शेयरधनीहरूको मन्तव्य र जिज्ञासा उपर सञ्चालक समितिका तर्फबाट प्रतिक्रिया तथा नीतिगत जवाफ :

**संचालक समितिका अध्यक्ष तथा सभाका सभापतिले शेयरधनीहरूबाट आएको जिज्ञासाहरूका सम्बन्धमा दिनु भएको जवाफ :**

- शेयरधनीहरुले दिएको सुझाव प्रति आभारी छौं । यहाँहरुले हामीहरुको कमी कमजोरी औंल्याई दिनु भएको छ सोमा आवश्यक सुधारहरु गर्नेनै छौं ।
- मनोरञ्जन खर्च ७६ करोड नभई ४६ लाख मात्र हो । मर्जर पछि सोसंग सम्बन्धित विभिन्न कार्यक्रमहरु भएकाले सो रकम खर्च भएको हो ।
- उपेन्द्र पौडेलजीलाई कुनै न कुनै रुपमा बैंकले Retain गर्नु पर्दछ भन्ने शेयरधनीहरुको सुझावहरु प्रति हामी सकारात्मक रहेका छौं ।
- मर्जर पछि २ बर्षसम्म कर नलाग्ने भएकाले कर प्रयोजनका लागि लाभांस वितरण गर्न नपर्ने भन्ने शेयरधनीहरुको जिज्ञाशाका सम्बन्धमा मर्जर हुँदाका बखत शेयरधनी रहेकाहरुको हकमा मात्र यो व्यवस्था लागु हुने र सो पछि खरिद भएको शेयरमा कर लाग्ने भएकाले कर प्रयोजनका लागि १ प्रतिशत लाभांस छुट्टयाईएको हो । मर्जर हुनु भन्दा अगाबैका शेयरधनीहरुले सो १ प्रतिशत वापतको रकम नगदै लाभाँश प्राप्त गर्नु हुनेछ ।
- संचालकहरुको संख्याका सम्बन्धमा वार्षिक प्रतिवेदनमा वैकल्पिक संचालकहरु समेतको फोटो राखिएकोले त्यस्तो देखिएको हो । संचालकहरुको संख्या विगत वर्षहरुमा जस्तै ९ जना नै रहेको जानकारी सभालाई गराउनु भयो ।
- लेखा समितिको बैंठक धेरै भएको भन्ने सम्बन्धमा मर्जर पछि शाखाहरुको संख्या बढन गएको र सबै शाखाहरुमा यस पटक अडिट भएकाले लेखा समितिको बैठक बढि देखिएको हो । आगामी बर्षहरुमा यती धेरै बैठक नहुने विश्वास दिलाउन चाहन्छु ।
- कर्मचारीहरुलाई समान व्यवहार भएको छ । कसैलाई चित्त नबुझेमा सोझै मलाई कर्मचारीहरुले सम्पर्क समेत गर्न सक्ने भन्दै शेयरधनीहरुलाई विश्वस्त पार्नु भयो ।
- शेयरधनीहरुबाट Complain Cell को कुरा उठेको छ । बैंकको हरेक शाखामा Complain Box को व्यवस्था गरिएको छ । सो बक्समा यहाँहरुको सुझाव तथा गुनासो प्रेषित गर्न सक्नु हुनेछ ।
- खाजा तथा खाना व्यवस्थित नभएको कुरा शेयरधनीहरुबाट उठेको छ । यसलाई व्यवस्थित गर्नेनै छौं ।



NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

- शेयरधनीहरुले उठाउनु भएको अन्य जिज्ञासाहरु उपर आजको सभामा भएको छलफल र प्रतिवेदनबाट समेत प्रष्टिने व्यहोरा जानकारी गराउनु भयो ।

**संचालक समितिका अध्यक्ष तथा सभाका सभापतिको आज्ञाले प्रमुख कार्यकारी अधिकृत श्री उपेन्द्र पौडेलले शेयरधनीहरूबाट आएको जिज्ञासाहरूका सम्बन्धमा दिनु भएको जवाफ तथा आफ्नो मन्तव्य :**

सबैलाई धन्यवाद । आज म प्रमुख कार्यकारी अधिकृतको हैसियतले बोल्ने यो अन्तिम वार्षिक साधारण सभा हो । यस बैंकमा आईसकेपछि विगत १७ बर्ष देखि तथा सो भन्दा अघि देखि नै यहाँहरुसंग पटक पटक अन्तरक्रियाहरु हुँदै आएको छ । यो संस्थालाई आजको अवस्थासम्म पुर्‍याउने क्रममा प्रमुख कार्यकारीको हैसियतले मैले Sincerely काम गरेको छु । आज म बैंकबाट बाहिरिने र मेरो उत्तराधिकारीको एकै पटक घोषणा भएको छ त्यो कुरामा बैंकले गर्व गर्नै पर्दछ । बैंक व्यवस्थापन गर्ने समुह साह्रै राम्रो छ । संचालक समिति पनि High Level को र Corporate Governance पालना भएको बैंक हो । बैंकिङ्ग व्यवसाय अरु भन्दा फरक हो यसलाई नाफासंग मात्र नजोडौ । बैंकलाई दिगो हिसावले अगाडी लैजानु पर्दछ । यसले समाजलाई के दियो भन्ने कुरा पनि भोलीका दिनमा हेरिने भएकाले हामी यसमा सजग हुनु पर्दछ । आज, मर्जर भएको एक बर्ष मात्र भएको छ, मर्जर पछि एकै पटक कर्मचारीहरु र शाखाहरुको बृद्धि भएकाले संचालन खर्च र कर्मचारी बढी हुनु स्वभाबिकै हो, यसमा विचार गरि दिनु होला । यद्यपी, बैंकले प्रति शेयर आम्दानी झण्डै २८ प्रतिशत गर्नु मैले बैंकको आफैमा ठूलो उपलब्धीको रुपमा लिएको छु । अन्य चार संस्थाहरुलाई मर्ज गरेर आजको दिनमा बैंकलाई प्रभाबकारी रुपमा संचालन गर्दै एफएमओ जस्तो AAA रेटिङ्ग भएको नेदरल्याण्ड सरकारको ५१ प्रतिशत लगानी भएको बैंकको उल्लेखनीय लगानी यस बैंकमा भित्र्याउन सफल हुनु बैंकको धेरै ठुलो उपलब्धि भएको हाम्रो धारणा छ । बैंक व्यवस्थापनले जानेर कर्मचारीहरुलाई बिभेद गरेको छैन् । हामीले सबै कर्मचारीहरुलाई समान रुपमा व्यवहार गरेका छौं । ३१ बर्षको बैंकिङ्ग अनुभवमा यहाँहरुबाट मैले जे सिकेको छु त्यसबाट मैले वित्तीय क्षेत्रमा कुनै न कुनै भुमिकाबाट पनि केही योगदान दिन सक्छु र दिनेछु भन्ने विश्वास दिलाउन चाहान्छु । म पछि आउने प्रमुख कार्यकारी अधिकृत धेरै सक्षम हुनुहुन्छ । यो बैंकलाई हामीले यहाँसम्म लिएर आयौं । म पछि उहाँले यसलाई नं. १ बैंकको रुपमा पुर्‍याउन अगाडी बढाउनु हुनेछ । विदेशी लगानीकर्ताको रुपमा एफएमओ पनि आएको छ सोबाट पनि सहयोग मिल्नेछ । आज म यहि फोरमबाट यहाँहरुले मलाई सहयोग गर्नु भए झै सुनिलजीलाई पनि अझ सहयोग गर्न अनुरोध गर्दछु । धन्यवाद ।

**संचालक समितिका अध्यक्ष तथा सभाका सभापतिले चाँडैनै हुनेवाला प्रमुख कार्यकारी अधिकृत तथा हालका नायव प्रमुख कार्यकारी अधिकृतको परिचय गराउँदै सभा समक्ष आफ्नो भनाई राख्न गर्नु भएको अनुरोध बमोजिम नायव प्रमुख कार्यकारी अधिकृत श्री सुनिल के.सी.ले सभा समक्ष दिनु भएको मन्तव्य :**

म विगत २६ बर्ष देखि यस क्षेत्रमा काम गरि रहेको छु र ८ बर्ष देखि यस बैंकमा काम गर्दै आएको छु । हामीले यस बैंकमा बैंकिङ्ग क्षेत्रमै कर्मचारीहरुको उत्कृष्ट समुह बनाएका छौ । उपेन्द्रजी पनि कुनै न कुनै रुपमा हामीसंग रहि नै रहनु हुनेछ । यो टिम रहि रहने हो भने हामी जुनसुकै चुनौतीहरुको पनि सामना गर्न सक्दछौं । उपेन्द्रजी ले भनेको जस्तै हामी Next Level मा जान समक्ष हुनेछौं । हामीले योजना बमोजिम नै काम गरिरहेका छौं । म प्रमुख कार्यकारी अधिकृतको पदमा रहँदैमा कुनै योजनामा परिवर्तन हुने होईन । बैंकको संचालक समितिको सहयोग राम्रोसंग पाएका छौं । सबैको सहयोग यसरी पाउँदै जाने हो भने हामी नम्बर एक बैंक बन्न अवश्य नै सक्दछौं । हामी Value Base Banking मा ध्यान दिई रहेका छौं । यो बैंक खाली एउटा मुनाफामा मात्र सिमति भई काम गरिरहेको छैन् । हामीले समग्र देशको उन्नती प्रगतिका लागि काम गरि रहेका छौं । उर्जा तथा पुर्वाधार बिकासमा हामी जसरी लगानी विस्तार गरि रहेका छौं, यसले कुनै न कुनै रुपमा देशको विकासलाई सघाउ पुर्‍याई रहेको छ ।

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

उपेन्द्रजीसंग यस बैंकमा मात्र नभई यस अघि पनि अन्य बैंकमा संगै काम गरेको हो उहाँले कुनै न कुनै रुपमा हामीलाई मार्ग दर्शन दिनु हुनेछ । आगामी दिनहरुमा यस बैंकले ठूलै प्रगति गरेको देख्न सक्नु हुनेछ । धन्यवाद ।

## ११. सभाबाट पारित प्रस्तावहरू :

साधारण सभामा पूर्व सूचित छलफलका विषयहरूमा छलफल गरी पारित गर्न सभापतिको आज्ञाले बैंकका कम्पनी सचिवले क्रमानुसार राख्नु भएको सबै प्रस्तावहरू उपर सभाका शेयरधनीहरूले सर्वसम्मतिबाट देहाय बमोजिमको प्रस्तावहरू पारित गरियो ।

### (क) सामान्य प्रस्तावतर्फ :

(१) एक्काईसौं वार्षिक साधारण सभाकोलागि सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिका अध्यक्ष श्री पवन कुमार गोल्याणले पेश गर्नु भएको सञ्चालक समितिको वार्षिक प्रतिवेदन आ.व. २०७२/७३ मा छलफल गरी सभाले पारित गर्ने निर्णय भयो ।

(२) बैंकको आ.व.२०७२/७३ को आर्थिक कारोवारको लेखापरीक्षण गरी सोको प्रतिवेदन पेश गर्नकालागि बीसौं बार्षिक साधारणसभाबाट नियुक्त लेखापरीक्षक श्री टि.आर. उपाध्या एण्ड कं. ले सभा समक्ष प्रस्तुत गर्नु भएको लेखापरीक्षण प्रतिवेदन र सोसाथ संलग्न वासलात, नाफा-नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाहको विवरण (सहायक कम्पनीहरु समेतको एकिकृत विवरण) समेत पारित गर्ने निर्णय भयो ।

(३) बैंकको आ.व.२०७३/७४ को आर्थिक कारोवारको लेखापरीक्षण गरी आगामी २२औं वार्षिक साधारण सभामा प्रतिवेदन पेश गर्नकालागि सम्बन्धित नियमनकारी निकायको सूचीमा सूचीकृत लेखापरीक्षक टि. आर. उपाध्या एण्ड कं.लाई लेखापरीक्षकमा रू.९,९०,०००/- (मूल्य अभिबृद्धि कर बाहेक) पारिश्रमिक प्रदान गर्ने गरी नियुक्त गर्ने निर्णय भयो ।

(४) सञ्चालक समितिबाट पारित भए बमोजिम वोनस शेयरको कर प्रयोजनका लागि चुक्ता पूँजीको १% (एक प्रतिशत) का दरले नगद लाभांश वितरणको प्रस्ताव स्वीकृत गर्ने निर्णय भयो । साथै, पाँच बटा बैंक तथा वित्तीय संस्था एक आपसमा मिति २०७२ कार्तिक १ गते मर्ज भएकाले सो मितिमा कायम भएका शेयरधनीहरुको हकमा वोनस शेयरवापत कर भुक्तान गर्नु नपर्ने भएकाले १ प्रतिशतले हुने रकम नगद लाभाँश वितरण गर्ने समेत निर्णय भयो ।

### (ख) विशेष प्रस्तावतर्फ :

१. बैंकको अधिकृत पुँजी रु.८,००,००,००,०००/- (अक्षेरेपि आठ अरब मात्र) बाट बृद्धि गरी रु.१०,००,००,००,०००/- (अक्षेरेपि दश अरब मात्र) पुऱ्याउन स्वीकृति प्रदान गर्ने निर्णय गरियो । साथै, बैंकको प्रवन्धपत्रको दफा ६(क) मा हाल रहेको "बैंकको अधिकृत पूँजी रु.८,००,००,००,०००।- (अक्षेरेपि आठ अरब मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००।- दरका ८,००,००,००० (आठ करोड मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ ।" भन्ने हालको व्यवस्थालाई संशोधन गरी "बैंकको अधिकृत पूँजी रु.१०,००,००,००,०००।- (अक्षेरेपि दश अरब मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००।- दरका १०,००,००,००० (दश करोड मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ ।" भन्ने व्यवस्था गर्ने निर्णय भयो ।

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

२. बैंकको वर्तमान चुक्ता पुंजीको १९ प्रतिशतको अनुपातमा वोनस शेयर जारी गर्न स्वीकृति प्रदान गर्ने निर्णय भयो ।

३. बोनश शेयर जारी गरेको कारणले बैंकको वर्तमान जारी तथा चुक्ता पुंजीमा बृद्धि हुने भएकाले निम्न बमोजिम हुने गरि बैंकको प्रवन्धपत्रमा संशोधन गर्ने निर्णय भयो ।

बैंकको प्रवन्धपत्रको दफा ६(ख) मा "बैंकको तत्काल जारी गर्ने शेयर पूँजी रु.५,४३,००,६२,४६५।६० (अक्षेरेपि पाँच अरब त्रीचालीस करोड बासठ्ठी हजार चार सय पैंसठ्ठी र साठ्ठी पैसा मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००।- दरका ५,४३,००,६२४.६५ (पाँच करोड त्रीचालीस लाख छ सय चौबीस दशमलव पैसठ्ठी) थान साधारण शेयरमा विभाजन गरिएको छ ।" भन्ने वाक्यांसको सट्टामा "बैंकको तत्काल जारी गर्ने शेयर पूँजी रु.६,४६,१७,७४,३३४।०६ (अक्षेरेपि छ अरब छयालीस करोड सत्र लाख चौहत्तर हजार तीन सय चौंतीस र पैसा छ मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु.१००।- दरका ६,४६,१७,७४३.३४ (छ करोड छयालीस लाख सत्र हजार सात सय त्रीचालीस दशमलव चौंतीस) थान साधारण शेयरमा विभाजन गरिएको छ ।" भन्ने व्यवस्था कायम गर्ने ।

बैंकको प्रवन्धपत्रको दफा ६(ग) मा "बैंकको तत्काल चुक्ता गर्न कबुल गरेको शेयर पूँजी रु.५,४३,००,६२,४६५।६० (अक्षेरेपि पाँच अरब त्रीचालीस करोड बासठ्ठी हजार चार सय पैंसठ्ठी र साठ्ठी पैसा मात्र) हुनेछ ।" भन्ने वाक्यांसको सट्टामा "बैंकको तत्काल चुक्ता गर्न कबुल गरेको शेयर पूँजी रु.६,४६,१७,७४,३३४।०६ (अक्षेरेपि छ अरब छयालीस करोड सत्र लाख चौहत्तर हजार तीन सय चौंतीस र पैसा छ मात्र) हुनेछ ।" भन्ने वाक्यांस कायम गर्ने ।

४. बैंकमा संस्थापक विदेशी लगानी कर्ता Nederlandse Financierings-Maatschappij Voor Ontwikkelingslanden N.V. (FMO) को हकमा जारी भएको थप निष्काशन पश्चात उक्त संस्थाको शेयर स्वामित्व चुक्ता पुँजीको २० प्रतिशत पुगेको र सो पश्चात बैंकको शेयर संरचनामा संस्थापक लगानी कर्ताको शेयर स्वामित्व ६०.०१ प्रतिशत र सर्वसाधारण लगानी कर्ताको शेयर स्वामित्व ३९.९९ प्रतिशत हुन आएकाले बैंकको चुक्ता पुँजी बृद्धि गर्नका लागि साधारण शेयरधनीको स्वामित्व ४९ प्रतिशत पुग्ने गरि साधारण शेयर थप सार्वजनिक निष्काशन (Further Public Issue) गर्ने निर्णय भयो । थप सार्वजनिक निष्काशन हुने साधारण शेयरको संख्या निर्धारण गर्न र सोको अङ्कित मूल्यमा प्रिमियम थप गरि जारी हुने शेयरको प्रिमियम सहितको मूल्य निर्धारण गर्न, थप सार्वजनिक निष्काशन (Further Public Issue) गरिसकेपछि बैंकको जारी तथा चुक्ता पूँजीमा बृद्धि हुने भएकाले सोही बमोजिम जारी तथा चुक्ता पूँजी बृद्धि गर्न र थप सार्वजनिक निष्काशन भए पश्चात बैंकको साधारण समूहको स्वामित्व प्रतिशत बृद्धि हुने र संस्थापक समूहको स्वामित्व प्रतिशत घट्ने भएकाले सोही बमोजिम बैंकको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गरि सोको अभिलेख गर्न तथा सो सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण कार्य गर्ने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने निर्णय भयो ।

५. नियमावली संशोधनतर्फ छलफल भई नियमावलीको नियम ३२ को उप नियम (१) को "(ख)" पछि "(ख)(१)" थप गरि निम्न व्यवस्था कायम गर्ने निर्णय भयो ।

"संचालक समितिको बैठकमा बैंकको रजिष्ट्रर्ड कार्यालय रहेको जिल्ला वाहेक नेपालमा बसोवास गर्ने संचालकहरु उपस्थित हुन आउँदा जाँदा भ्रमण गर्दा लाग्ने हवाई टिकट वा परिवहन खर्च र नियम ३२ को

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

१ को खण्ड (ग) को उपखण्ड (अ) र (आ) बमोजिमको होटल तथा खाना खर्चमा नबढ्ने गरि बढीमा तीन दिनको वास्तविक खर्च अनुसार सोधभर्ना गरिनेछ।"

६. प्रबन्धपत्र तथा नियमावलीमा भएको/हुने संशोधनको स्वीकृति लिंदा वा अभिलेख गर्दा गराउंदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन समेत सञ्चालक समितिलाई अख्तियारी दिने निर्णय भयो ।

(ग) **विविधः** विविध तर्फ छलफलको विषय नभएको ।

**१३. धन्यवाद ज्ञापन :**

आजको साधारण सभा सौहाद्रपूर्ण वातावरणमा शान्तिपूर्वक सम्पन्न भएकाले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरू, संचालक समितिका सदस्यहरु, बिभिन्न संघ संस्थाका प्रतिनिधिहरु, पर्यवेक्षक, बैंकका कर्मचारी, पत्रकार लगायत अन्य उपस्थित सम्पुर्ण महानुभावहरूलाई समेत यस बैंकको वार्षिक साधारण सभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नुभएकोमा अध्यक्षले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

**१४. सभा विसर्जन :**

आजको यस एक्काईसौं वार्षिक साधारण सभामा समावेश गरिएका विषयसूची अन्तर्गतका सम्पूर्ण विषयहरू समाप्त भएको ब्यहोरा प्राप्त भएपछि बैंकका सञ्चालक समतिका अध्यक्ष तथा यस साधारण सभाका सभापति श्री पवन कुमार गोल्याणले दिनको ३ बजे सभा समापन भएको घोषणा गर्नुभयो ।

द. -------------
प्रमोद कुमार दाहाल
कम्पनी सचिव

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

द. -------------
पवन कुमार गोल्याण
अध्यक्ष